# आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा कार्यक्षमता मूल्यांकनको आधारमा हुने बढुवाद्धारा पदपूर्ति गर्ने वारेको
# सूचना

संस्थानको मौजुदा कर्मचारी प्रशासन विनियमावली २०६३ को विनियम ९ को १ बमोजिम प्रतिशत निर्धारण गरी छुट्याईएका आन्तरिक  प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्न विज्ञापन नं २८ देखि ४१ सम्मका पदहरुमा दरखास्त आव्हानको सूचना र विज्ञापन नं  ४२ देखि ५० सम्म कार्य क्षमता मूल्यांकनको आधारमा हुने बढुवा फारम भर्ने वारेको विस्तृत विवरण सहितको सूचना यस संस्थानको केन्द्रीय कार्यालय लैनचौर तथा अन्तर्गतका सवै आयोजनाहरुमा मिति २०७३।३।२४ मा सूचना पाटीमा टांस गरिएको साथै यस संस्थानको Website : www.dairydev.com.np मा समेत राखिएको व्यहोरा सम्बन्धीत कर्मचारीहरुको जानकारीको लागि यस संस्थानको पदपूर्ति समितिको मिति २०७३ असाढ २४ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय, लैनचौर ।**

## बढुवा फारम भर्ने वारेको सूचना
## प्रथम पटक प्रकाशित मिति २०७३।३।२५

यस संस्थान र मातहतका कार्यालयहरुको देहाय बमोजिमको रिक्त पदहरु २०७२ आषाढ मसान्त सम्मको कार्य क्षमताको मूल्यांकनको आधारमा बढुवाद्धारा पदपूर्ति गरिने भएकोले बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धीत सेवा समुह र उपसमुहको पदमा संस्थानको मौजुदा कर्मचारी प्रशासन विनियमावली २०६३ (संशोधन सहित) २०७२ को विनियम ३३ मा तोकिएको नोकरी अवधि पुरा गरेका सोही विनियमावलीको विनियम ३४ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वाहेकका कर्मचारीहरुले यो सूचना यस संस्थानको सूचना पाटीमा टांस भएको मितिले ३० दिन भित्र सोही विनियमावलीको विनियम ३८ को उपविनियम (१) संग सम्बन्धीत अनुसूची ७ मा तोकिए बमोजिमको बढुवा फारम भरी जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको विवरण, शैक्षिक योग्यता तथा सेवाकालिन तालीम आदिको  कागजपत्रहरु आफैले प्रमाणित गरी संस्थानको केन्द्रीय कार्यालय, लैनचौरमा तोकेको म्याद भित्र पेश गर्न सम्बन्धीत सवै उम्मेदवारहरुको जानकारीको लागि यस संस्थानको पदपूर्ति समितिको मिति २०७३ आषाढ २४ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

| **विज्ञापन नं** | **बढुवा हुने पद** | **तह** | **सेवा/समुह** | **बढुवा हुने पद संख्या** |
|---|---|---|---|---|
| ४२/०७२/७३ | सिनियर इन्जीनियरिङ्ग अफिसर | ८ | प्राविधिक /इन्जी | १ |
| ४३/०७२/७३ | असिष्टेण्ट एक्सटेन्सन अफिसर | ६ | प्राविधिक/डे.ए.अ. | १ |
| ४४/०७२/७३ | सहायक लेखा अधिकृत | ६ | प्रशासन/लेखा | १ |
| ४५/ ०७२/७३ | शाखा अधिकृत/सहायक बजार अधिकृत | ६ | प्रशासन | १ |
| ४६/ ०७२/७३ | वरिष्ठ प्रशासन सहायक/वरिष्ठ बजार सहायक | ५ | प्रशासन | २ |
| ४७/ ०७२/७३ | लेखापाल | ५ | प्रशासन/लेखा | १ |
| ४८/ ०७२/७३ | टेक्निकल असिष्टेण्ट | ५ | प्राविधिक/डे.ए.अ. | २ |
| ४९/ ०७२/७३ | सुपरभाइजर | ५ | प्राविधिक/इन्जी | १ |
| ५०/ ०७२/७३ | सिनियर चीज मेकर | ५ | प्राविधिक/डे.ए.अ. | १ |
| **जम्मा** | | | | **११** |

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय, लैनचौर**

# आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्न दरखास्त आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७३।३।२४**

यस संस्थानको पदपूर्ति समितिको मिति २०७३ अषाढ २४ गतेको निर्णयानुसार संस्थान र अन्तर्गतका विभिन्न कार्यालयहरुमा रिक्त रहेको निम्नानुसारका पदहरुमा आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमवाट पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम स्थायी सेवा गरेका र योग्यता पुगेका इच्छुक कार्यरत कर्मचारीहरुवाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ । दरखास्त फारम संस्थानको Website : www.dairydev.com.np वाट Download गरी A4 साइजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपी गरी सम्पूर्ण विवरण भरी हालसालै खिचिएको पासपोर्ट साइजको फोटो तीन प्रति निर्दिष्ट स्थानमा टांसी फारम र फोटो दुवैमा पर्ने गरी दस्तखत गरी दरखास्त वुझाउने अन्तीम मिति २०७३।४।२२ गतेसम्म र दोव्वर दस्तुर तिरि मिति २०७३।४।३० गतेसम्म दरखास्त वुझाउन सकिनेछ । दरखास्त साथ आफुले हासिल गरेको शैक्षिक योग्यता, तालीम, अनुभवको साथै उमेर खुलेको प्रमाण पत्रमा आफैद्धारा प्रतिलिपी प्रमाणित गरी एक/एक प्रति संलग्न राखी संस्थानको केन्द्रीय कार्यालय लैनचौर काठमाडौंमा दर्ता गराउनु हुन सम्बन्धीत कर्मचारीहरुका लागि जानकारी गराइन्छ । परीक्षा दस्तुर वापत अधिकृत स्तरका कर्मचारीहरुको लागि रु. १,०००। र सहायक स्तरका कर्मचारीहरुको लागि रु. ५००। राष्ट्रिय बाणिज्य बैंकमा रहेको यस संस्थानको चल्ती खाता नं १०९००५५३४५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ नत्थी गरेको हुनु पर्नेछ । म्याद नाघी, रित नपुगी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| सि. नं | विज्ञापन नं | पदको नाम | तह | सेवा समुह | आवश्यक पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | २८/०७२/७३ | असिष्टेण्ट एक्सटेन्सन अफिसर | ६ | प्रा./डे.ए.अ. | २ | स्वीकृत शिक्षण संस्थावाट डेरी/फुड टेक्नोलोजि विषयमा ३/४ वर्षे डिप्लोमा उपाधि प्राप्त वा विज्ञान विषयमा स्नातक उपाधि उत्तीर्ण वा स्वीकृत संस्थावाट डेरी वा खाद्य प्रविधि वा पशुपालन विषय लिई प्रमाणपत्र तह १०+२ उत्तीर्ण वा आइ.एस्सी उत्तीर्ण भै डेरी वा खाद्य प्रविधि विषयमा स्वीकृत संस्थावाट कम्तीमा तीन महिना तालीम प्राप्त वा सम्बन्धीत विषयमा जे.टी. तालीम प्राप्त । |
| २ | २९/०७२/७३ | सहायक लेखा अधिकृत | ६ | प्र./लेखा | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन वा बाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र वा अर्थशास्त, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मुल विषय लिई प्रविणता प्रमाणपत्र १०+२ वा सो सरह उत्तीर्ण । |
| ३ | ३०/०७२/७३ | शाखा अधिकृत | ६ | प्रशासन | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाणपत्र तह १०+२ वा सो सरह उत्तीर्ण । |
| ४ | ३१/ ०७२/७३ | बरिष्ठ प्रशासन सहायक/बजार सहायक | ५ | प्रशासन | २ | एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ५ | ३२/ ०७२/७३ | लेखापाल | ५ | प्र./लेखा | १ | लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ६ | ३३/ ०७२/७३ | टेक्निकल असिष्टेण्ट | ५ | प्रा./डे.ए.अ. | ३ | विज्ञान विषयमा स्वीकृत शिक्षण संस्थावाट प्रमाणपत्र तह १०+२ उत्तीर्ण वा स्वीकृत संस्थावाट एस.एल.सी. उत्तीर्ण भै दुग्ध व्यवसायमा ५ वर्षको अनुभव प्राप्त वा पशुपालन विषयमा जे.टी.ए. तालीम प्राप्त वा CTEVT वाट सम्बन्धीत विषयमा तह दुईको सीप परीक्षण उत्तीर्ण । |
| ७ | ३४/ ०७२/७३ | सिनियर चीज मेकर | ५ | प्रा./चीज | १ | विज्ञान विषयमा प्रमाणपत्र तह १०+२ उत्तीर्ण वा स्वीकृत संस्थावाट एस.एल.सी. उत्तीर्ण भै डेरी व्यवसायमा ५ वर्षको अनुभव वा पशुपालन विषयमा जे.टी.ए. तालीम प्राप्त वा दश कक्षा उत्तीर्ण भई संस्थानमा याक चीज उत्पादन सम्बन्धी कार्यमा १० वर्षको अनुभव प्राप्त वा CTEVT वाट सम्बन्धीत विषयमा तह दुईको सीप परीक्षण उत्तीर्ण । |
| ८ | ३५/ ०७२/७३ | सुपरभाइजर | ५ | प्रा./इन्जी | १ | एस.एल.सी. वा सो सरह उत्तीर्ण भै सम्बन्धीत विषयमा एक वर्षको तालीम प्राप्त वा स्वीकृत संस्थावाट सम्बन्धीत विषयमा एस.एल.सी. सरह उत्तीर्ण वा CTEVT वाट सम्बन्धीत विषयमा तह दुईको सीप परीक्षण उत्तीर्ण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ३६/ ०७२/७३ | प्रशासन सहायक/ बजार सहायक | ४ | प्रशासन | ३ | एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| १० | ३७/०७२/७३ | नायव लेखापाल | ४ | प्र./लेखा | १ | लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ११ | ३८/०७२/७३ | कम्प्यूटर अप्रेटर | ४ | प्रशासन | १ | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिना तालीम प्राप्त । |
| १२ | ३९/०७२/७३ | जुनियर टेक्निकल असिष्टेण्ट | ४ | प्रा./डे.ए.अ. | २ | विज्ञान विषयमा स्वीकृत शिक्षण संस्थावाट प्रमाणपत्र तह १०+२ उत्तीर्ण वा स्वीकृत संस्थावाट एस.एल.सी. उत्तीर्ण भै दुग्ध व्यवसायमा ५ वर्षको अनुभव प्राप्त वा पशुपालन विषयमा जे.टी.ए. तालीम प्राप्त वा डेरी व्यवसायको तह २ को सीप परीक्षण उत्तिर्ण वा सम्बन्धीत विषयमा CTEVT वाट तह दुईको सीप परीक्षण उत्तीर्ण । |
| १३ | ४०/ ०७२/७३ | चीज मेकर | ४ | प्रा./चीज | १ | विज्ञान विषयमा प्रमाणपत्र तह १०+२ उत्तीर्ण वा स्वीकृत संस्थावाट एस.एल.सी. उत्तीर्ण भै डेरी व्यवसायमा ५ वर्षको अनुभव वा पशुपालन विषयमा जे.टी.ए. तालीम प्राप्त वा डेरी व्यवसायको तह २ को सीप परीक्षण उत्तिर्ण वा सम्बन्धीत विषयमा CTEVT वाट तह दुईको सीप परीक्षण उत्तीर्ण । |
| १४ | ४१/ ०७२/७३ | फोरम्यान | ४ | प्रा./इन्जी | २ | एस.एल.सी. वा सो सरह उत्तीर्ण भै सम्बन्धीत विषयमा एक वर्षको तालीम (इलेक्ट्रीकल, अटोमेकानिकल, रेफ्रिजरेशन एण्ड एयरकण्डिशन) प्राप्त वा स्वीकृत संस्थावाट सम्बन्धीत विषयमा एस.एल.सी. सरह उत्तीर्ण । |

माथि उल्लेखित योग्यताका अतिरिक्त,

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा हुने बढुवाको लागि सम्बन्धीत सेवा समुहको एक तह मुनिको पदमा अधिकृत स्तरमा बढुवा हुनको लागि न्यूनतम सेवा अवधि चार वर्ष हुनु पर्ने र सहायक स्तरमा बढुवा हुनको लागि न्यूनतम सेवा अवधि तीन वर्ष हुनु पर्ने ।

(ख) माथि जुनसुकै कुरा लेखिएको भएतापनि महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोवार भएका संस्थानका कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भएपनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन ।

(ग) यो विनियमावली प्रारम्भ हुनु अघि फोरम्यान तह ४ र सुपरभाइजर तह ५ मा सेवा प्रवेश गरेका कर्मचारीहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा हुने बढुवाका लागि र कार्य क्षमता बढुवा प्रयोजनको लागि मेकानिकल विषयलाई समेत शैक्षिक योग्यताको मान्यता दिइनेछ ।

(घ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्वाट सम्बन्धीत विषयको सीप परीक्षणको लागि तोकिएको तहको प्रमाणपत्र सोही परिषद्वाट तोकिएको पद तथा तहको लागि मान्य हुनेछ ।

(ङ) उपरोक्त आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा हुने बढुवाको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता अतिरिक्त कम्प्युटर संचालन सम्बन्धी एक महिनाको आधारभूत तालीम लिएको स्विकृत संस्थाको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय, लैनचौर**